# बेदकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सिलैया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

मितिः २०८१।०३।३१

## सूचना ! सूचना !! सूचना !!!

यस बेदकोट नगरपालिकाको आ.व.०८०।०८१ को चौथो त्रैमासिक सामाजिक सुरक्षा भत्ता रकम सम्बन्धित वडा कार्यालयबाट तपसिल बमोजिमको मितिदेखी वितरण हुने भएकोले भत्ता बुझ्न निम्न बमोजिमका कागजात सहित लाभग्रही स्वयम् उपस्थित हुन पर्ने छ, स्वयम् उपस्थित नभएमा सामाजिक सुरक्षा भत्ता रकम अरुलाई प्रदान नगरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | मिति | वडा नं | भत्ता बितरणहुने स्थान | समय |
|---|---|---|---|---|
| १ | २०८१ साउन ३ देखि ६ गते सम्म | ४ | वडा नं. ४ को कार्यालय | १० देखी ३:३० बजे |
| २ | २०८१ साउन ७ देखि ९ गते सम्म | ५ | वडा नं. ५ को कार्यालय | १० देखी ३:३० बजे |
| ३ | २०८१ साउन १० देखि ११ गते सम्म | ६ | वडा नं. ६ को कार्यालय | १० देखी ३:३० बजे |
| ४ | २०८१ साउन १३ देखि १५ गते सम्म | ७ | वडा नं. ७ को कार्यालय | १० देखी ३:३० बजे |
| ५ | २०८१ साउन १६ देखि १७ गते सम्म | ८ | वडा नं. ८ को कार्यालय | १० देखी ३:३० बजे |
| ६ | २०८१ साउन १८ देखि २१ गते सम्म | ९ | वडा नं. ९ को कार्यालय | १० देखी ३:३० बजे |
| ७ | २०८१ साउन २२ देखि २५ गते सम्म | १० | वडा नं. १० को कार्यालय | १० देखी ३:३० बजे |
| ८ | २०८१ साउन २७ देखि २८ गते सम्म | १ | वडा नं. १ को कार्यालय | १० देखी ३:३० बजे |
| ९ | २०८१ साउन २९ देखि ३० गते सम्म | २ | वडा नं. २ को कार्यालय | १० देखी ३:३० बजे |
| १० | २०८१ साउन ३१ देखि भाद्र ४ गते सम्म | ३ | वडा नं. ३ को कार्यालय | १० देखी ३:३० बजे |

**ल्याउनु पर्ने कागजात :** सक्कलै नागरिकता प्रमाणपत्र (नागरिकता स्पष्ट नभए मतदाता परीचयपत्र),सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने कार्ड र नागरिकताको प्रतिलिपि (फोटोकपी) अनिवार्य ल्याउनु पर्ने छ ।

**नोट : पहिलो पटक भत्ता बुझ्नेहरुको हकमा ल्याउनु पर्ने कागजातहरु**

१. सक्कलै नागरिकता प्रमाणपत्र तथा १ प्रती प्रतिलिपि (फोटोकपी) यदि नागरिकता स्पष्ट नदेखिने भएमा मतदाता परीचयपत्र अनिवार्य रुपमा ल्याउनु पर्नेछ ।

२. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने कार्डको सक्कल र १ प्रती प्रतिलिपि (फोटोकपी) अनिवार्य रुपमा ल्याउनु पर्नेछ ।

३. पासपोर्ट साईज फोटो २ प्रती र आफ्नो वा आफ्नो परिवारका सदस्यको मोबाईल नम्बर अनिवार्य ल्याउनु पर्नेछ ।

४. अपांगताको हकमा अपांगता परिचयपत्र ।

५. शनिवार तथा सार्वजनिक बिदाका दिन सामाजिक सुरक्षा भत्ता वितरण कार्य बन्द रहनेछ ।

............................................
पदम राज भट्ट
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

# बेदकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सिसैया, कञ्चनपुर

सुदूरपश्चिम प्रदेश कञ्चनपुर

सम्पर्क : ०९९-४१३१२१, ०९९-४१३१२२


प.सं.०८०।०८१

च.नं.

मिति:२०८१।०३।३१

११४४ दिल्लाध्व, ९ सोमवार

---

## सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्ने सम्बन्धि सूचना ।

प्रस्तुत विषय सम्बन्धमा सामाजिक सुरक्षा नियमावली, २०७६ को दोस्रो शंसोधन अनुसार नियम (९) को उपनियम (१) बमोजिम सामाजिक सुरक्षा भत्ता परिचय पत्र नविकरण श्रावण १ गते देखि भाद्र मसान्तसम्म गर्ने व्यवस्था रहेको तथा राष्ट्रिय परिचय–पत्र तथा पञ्जिकरण विभागको २०८१।०१।१७ को निर्णयानुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नविकरण तथा नया निवेदन दर्ता गर्दा राष्ट्रिय परिचयपत्रमा आधारित Biometric Verification अनिवार्य गरिएकाले यस बेदकोट नगरपालिकामा आ.ब. २०८०।८१ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका (जेष्ठ नागरिक, एकल महिला , अशक्त, अपाङ्ग, लोपोन्मुख जाति, बालबालिका (दलित)) लावग्राहिहरुले २०८१ भाद्र मसान्त सम्म आफ्नो स्थायी ठेगाना रहेको वडा कार्यालयमा स्वयम वा संरक्षक उपस्थित भई आफ्नो सामाजिक सुरक्षा भत्ता परिचयपत्र अनिवार्य रुपमा नविकरण गर्न हुन सरोकारवाला सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएकोछ । तोकिएको समयमा परिचयपत्र नविकरण नगराएमा आ.ब.२०८१।०८२ को सामाजिक सुरक्षा भत्ता प्राप्त हुन नसक्ने व्यहोरा समेत जानकारी गरिन्छ ।

*सामजिक सुरक्षा परिचय–पत्र नवीकरण गर्न आउँदा ल्याउनुपर्ने कागजातहरु:*

1. नागरिकता प्रमाणपत्र सक्कलै ।
2. भत्ता प्राप्त गर्ने परिचयपत्र सक्कलै ।
3. बालबालिकाको हकमा जन्म दर्ताको प्रमाणपत्र सक्कलै ।
4. एकल तथा विधुवा महिलाको हकमा पतिको मृत्यृ दर्ताको प्रमाणपत्र र अर्को विवाह नगरेको प्रमाणिकरण ।
5. अपाङ्गता भएको व्यक्तिको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचय पत्रको प्रमाणपत्र सक्कलै ।
6. राष्ट्रिय परिचयपत्र नम्बर वा नम्बर सहितको निस्सा ।

**नोट : नविकरण पश्चात वडा कार्यालयबाट वडा सचिवद्धारा प्रमाणित नविकरण भएको निस्सा लिन हुन जानकारी गराइन्छ ।**

...................

पदम राज भट्ट

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत